CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वतन्त्रस्वतन्त्रकवितार्किककण्ठीरव
महाकविसुकृतिदत्तविरचिता

तारिणीवरिवस्या

सम्पादक
डा. काशीनाथ न्यौपाने

प्रकाशक
सं. डा. स्वामी प्रपन्नाचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वतन्त्रस्वतन्त्रकवितार्किककण्ठीरव
महाकविसुकृतिदत्तविरचिता

तारिणीवरिवस्या

सम्पादक
डा. काशीनाथ न्यौपाने

प्रकाशक
सं. डा. स्वामी प्रपन्नाचार्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक :
सं. डा. स्वामी प्रपन्नाचार्य
मृगस्थली, काठमाडौं, नेपाल
फोन : ४७१५२८

प्रथम संस्करण : ५०० प्रति
विजयादशमी २०५६

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

मूल्य : ५५।-

मुद्रक : लुष प्रेस, बानेश्वर, फोन : ४७२५९६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पणम्

किरातवंशोद्भवस्वामिनो मया
प्राप्ता कृतिः सुकृतिनः कविपुङ्गवस्य ।
संपाद्य संस्कृत्य च तारिणीस्तुतिं
तस्मै प्रपन्नाय समर्पयामि ॥

- काशीनाथ न्यौपाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजपरिषद् स्थायी समितिका सदस्य सं. डा. स्वामी प्रपन्नाचार्यज्यूबाट प्राप्त

आशीराशिः

यशस्वी विद्वान् महाकवि सुकीर्तिदत्त पन्त संस्कृत वाङ्मयका सूर्य थिए। सुकीर्तिदत्त पन्त न्याय, व्याकरण, वेदान्त, मीमांसा, साहित्य, ज्योतिषादिका प्रखर आलोचक विद्वान् थिए। उनका यी चतुरस्र पाण्डित्यका कसौटि उनकै ग्रन्थरचनाहरू छन्। स्वयंले कार्तवीर्योदय महाकाव्य, सम्पादन गर्ने अवसरमा पुरातत्व विभाग, रामशाहपथ हस्तलिखित विभागमा 'वृद्धचाद्यष्टक' तथा कार्तवीर्योदय, शब्देन्दुशेखर, परिभाषेन्दु शक्तिवाद क्रोडपत्र, मकरन्द स्तुति टीका आदि ग्रन्थहरू देख्ने अवसर पाएं। ती मध्ये कार्तवीर्योदयको सम्पादन गर्दा पं. माधवशरण शर्मा पनि आइपुगे। माधवजीको पनि सम्पादन गर्ने इच्छा रहेछ, कुन ग्रन्थको सम्पादन गरुँ भन्नुभयो। मैले भनें सुकीर्तिदत्तको 'वृद्धचाद्यष्टक' व्याकरण सम्बन्धी पाण्डुलिपिको सम्पादन गर्नुहोस्।

माधवजीले स्वीकार गर्नुभयो र अब 'बृद्धचाद्यष्टक' संस्कृत विद्वान्हरूको समक्ष निकट भविष्यमा नै प्रस्तुत हुने भएको छ। तेस्रो ग्रन्थको रूपमा आयुष्मान् डा. काशीनाथ न्यौपानेद्वारा सम्पादित 'तारिणीवरिवस्या' अर्थात् 'देवीस्तुति' हो। यसरी कार्तवीर्योदय समेत सुकीर्तिका तीनवटा कीर्तिस्तम्भ ग्रन्थहरू प्रकाशमा आइसकेका छन्। वि.सं. १९३० मा सुकीर्तिले गुल्म पीडाले अति कष्टसाथ यस धराधामलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोडेको उनैका रचनाबाट बुझिन्छ। झण्डै डेढसय वर्ष पछि यी तीन ग्रन्थले प्रकाशित हुने स्वर्णिम अवसर पाएका छन्। 'तारिणीवरिवस्या' मैले घर घरमा रिसर्च गर्दा सुकीर्तिकै छोरीपट्टिका नाति प्रसिद्ध विद्वान् राधानाथ लोहनीका कान्छा छोरा ज्यो. पं. दामोदर लोहनीको घरबाट सानासाना तीनवटा हस्तलिखित ग्रन्थ प्राप्त गरेको हुँ। क्रमशः सम्पादन गर्ने क्रममा शाहवंशविरुदावली र तारिणीवरिवस्या, नैषधक्रोडपत्र तथा अष्टपदी व्याख्या, भावामृतव्याख्या तथा फुटकर कविताहरू समेत स्वयंले सम्पादन गर्दै जाँदा डा. काशीनाथ न्यौपानेलाई पनि तारिणीवरिवस्याको पाण्डुलिपि सम्पादनार्थ दिएँ। डा. काशीनाथजीले सम्पादन गरेर भारतैमा कुनै प्रकाशकलाई प्रकाशन गर्न दिएको पाँच वर्ष पछि पनि ग्रन्थ नछापिएपछि पुनः सम्पादन गरेर पाण्डुलिपि मलाई देखाए। मैले छापिदिन्छु भनें। तर 'यच्चिन्तितं तन्न भवति वस्तुतोऽन्यदेव भवति' अर्थात् जो सोचेको थिएँ त्यो भएन, त्यसको विपरीत अर्कै भयो। आर्थिक समस्या ज्यादै ठूलो समस्या हो। फेरि दाँत भएकोलाई मकई छैन। दाँत नभएकालाई थुप्रै। यसै विषम परिस्थितिसँग जुद्धा बल्ल यसबाट तारिणीकै अनुकम्पाले 'तारिणीवरिवस्या' विद्वज्जनसमक्ष प्रकाशमा आयो।

मलाई जुन जुन संस्था वा गुठीका महानुभावहरूले पुरस्कार दिएका छन्। मैले त्यो पुरस्कारको रकम आफैले मात्रै खाने गरेको छैन। त्यसको आधाभन्दा वढ्ता रकम परमार्थमा र लेखनप्रकाशनमा नै लगाउने गरेको छु। यसबाट 'तारिणीवरिवस्या' प्रकाशन गर्न भारती खरेल गुठीबाट पाएको पुरस्कार आधा लगाएको छु। यस साहित्य प्रकाशनले साहित्यकार विदुषी स्व. भारती खरेल जहाँ भए पनि प्रसन्न हुनुहुनेछ भन्ने विश्वास राखेको छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पादन कार्यको विषयमा पनि एक दुई शब्द भन्नु आवश्यक ठानेको छु। डा. काशीनाथ न्यौपानेसँग सर्वप्रथम भारतको राजधानी दिल्ली कुर्सियाघाट विश्वनाथ पाठशाला घण्टाघरमा भेट भएको थियो। त्यसबेला म पीएच.डी. गरेर दिल्ली लालबहादुर शास्त्री संस्कृत विद्यापीठमा वेदान्त विभागमा अध्यापकको लागि इण्टरभ्यू दिन गएको थिएँ। म विहान घुम्ने गर्थें। एउटा सानो पातलो सिकुटे केटाले मकहाँ आएर नमस्कार गऱ्यो। मैले सोद्धा पाँचथरे हुँ भन्यो। त्यतिखेर काशीनाथ पू. म. प्रथमखण्डमा पढ्दै थिए। कालान्तरमा वाराणसीमा काशीनाथलाई देखें। वाराणसीको वाँसफाटक र भण्डारीगल्ली आदिमा जम्काभेट भइरहन्थ्यो। त्यतिखेर काशीनाथको आर्थिक स्थिति ठीक थिएन। कार्तवीर्योदय महाकाव्यको मूल पाण्डुलिपि उतार्न लगाएर केही अर्थ समस्या हलको लागि दिने विचार थियो। तर त्यो काम पुरानो पाण्डुलिपिहरूको ज्ञान अपेक्षित भएको हुनाले कष्टसाध्य थियो। त्यसैले त्यो काम हुन सकेन। तथापि मार्गनिर्देशक र अभिभावक भएर समय समयमा मार्गनिर्देशन भने गर्दै रहें। तर ग्रन्थ खोलेर पढाउने कामचाहिं सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयको अन्ताराष्ट्रिय छात्रावास भवनको कोठामा 'वेदान्तनयभूषण' को जिज्ञासाधिकरणको पाठ मात्र दुईघण्टा पढाएको हुँ। तर त्यसबेला काशीनाथ मीमांसाचार्य भइसकेका थिए। साथै बौद्धदर्शनको अध्ययनमा लागेका थिए। काशीनाथलाई भन्नुपर्दा छात्रावस्थादेखि नै प्रत्युत्पन्न मतिका थिए। वाईस वर्षको उमेरमा मीमांसाचार्य हुनु र मीमांसा विषयमा तीनवटा पुस्तक लेख्नु, सभाहरूमा भाषण प्रतियोगितामा भाग लिएर पुरस्कार पाउनु, र पत्रिकाहरूको सम्पादक हुनु सानो प्रतिभा होइन र लरोतरो योग्यताले हुने काम पनि होइन। सानै उमेरमा काशीनाथले मीमांसा विषयमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यावारिधि (पीएच.डी.) पनि गरेर देखाएका छन्। मेरो विचारमा नेपालका पीएच्.डी.हरूमा सबैभन्दा सानो उमेरमा पीएच.डी. गर्ने डा काशीनाथ न्यौपाने नै हो। पछि बौद्धदर्शनबाट आचार्य गरेपछि नेपाल पसे। यसरी मीमांसा र बौद्ध दर्शनका सुयोग्य विद्वान् तथा मृदुभाषी संस्कृत, पाली, हिन्दी र नेपाली भाषाका आधिकारिक विद्वान् आयुष्मान् डा. काशीनाथले 'तारिणीवरिवस्या" प्रथमपटक पाण्डुलिपि सम्पादन गरेर सम्पादनको क्षेत्रमा पनि वैदुष्यको ग्रावानिकष बन्न पुगेको देखेर म प्रसन्न छु। समयानुसार आफ्नो ज्ञानगरिमालाई परिमार्जन गरेर राष्ट्र र समाजको गौरव बन्ने नै छन् भन्ने विश्वास छ।

यहाँ विशेष कुरा भन्नुपर्दा, शुद्धाशुद्धिमा विशेष ध्यान दिनुभन्दा सुकीर्तिदत्त पन्तका कृतिहरू नहराऊन् भन्नका निमित्त यस दुःखले प्रकाशन गरिएको हो। यसमा यो अशुद्ध भयो, त्यो अशुद्ध भयो भनेर दोष दिने, नाक खुम्च्याउने, दाह्रा कीट्ने दोषज्ञहरू थुप्रै होलान् र भविष्यमा पनि हुने नै छन्। गुणैको पक्षपाती भएर सुकीर्ति आदि विद्वान्हरूको अमूल्य कृति नहराओस् भन्ने गुणज्ञ म हुँ। यसमा पनि "आफ्नै मुहः मियाँ मिठू" भन्नेहरूको पनि कमी छैन। यस परिस्थितिमा "काग कराउँदै जान्छ, पीना सुक्दै जान्छ। कुकुर भुक्दै रहन्छ, हात्ती हिंड्दै जान्छ" भन्ने उक्तिलाई चरितार्थ पार्छन् होला। म त ग्रन्थसम्पादक डा. काशीनाथ न्यौपानेलाई आशीराशिः दिंदै कठिनीलाई यहीं विराम दिन्छु, मङ्गलकामनासाथ।

वि.सं. २०५६
विजयादशमी

सं. डा. स्वामी प्रपन्नाचार्य
राजपरिषद् स्थायी समिति
बहादुरभवन, कान्तिपथ, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृतज्ञता ज्ञापन

तारिणीवरिवस्या ग्रन्थको पाण्डुलिपि डा. स्वामी प्रपन्नाचार्यज्यूले मलाई सम्पादन गर्न भनेर नै दिनुभएको थियो। धेरै वर्ष पूर्व जब म वाराणसीमा अध्ययनरत थिएँ, त्यसैबेला पूज्य स्वामीजी कातवीर्योदय महाकाव्यको पाण्डुलिपिको सम्पादन गर्दै हुनुहुन्थ्यो। त्यसै क्रममा उहाँले उक्त महाकाव्यको प्रेसकपी बनाउने क्रममा मूललिपि पढेर उतार्ने क्रममा पनि अलिकति मलाई पनि लगाउनुभएको थियो। त्यो बेला पुराना ग्रन्थहरूको विषयमा मलाई कुनै ज्ञान थिएन। यसरी सर्वप्रथम पुराना हस्तलिखित ग्रन्थहरूको विषयमा पूज्य स्वामीजीबाट नै मैले जान्ने सुन्ने अवसर पाएँ। त्यसपछि स्वामीजीसँग भेट्ने क्रममा मैले आफ्नो जिज्ञासा बढाउँदै लगें। स्वामीजी कृपापूर्वक वाराणसीमा जाँदा मलाई दर्शन दिन भुल्नुहुन्नथ्यो। यसरी स्वामीजीद्वारा नै धेरै विषयहरूमा मैले सुन्ने र जान्ने अवसर पाएँ। त्यसपछि मलाई सम्पादन गर्न भनेर आजभन्दा ५ वर्ष पूर्व नै यो ग्रन्थ दिनुभएको थियो। मैले तत्काल यो कार्य गरें। त्यसपछि वाराणसीकै एकजना प्रकाशकले म प्रकाशित गर्छु भन्नुभयो र हिन्दी र संस्कृत दुवैमा भूमिका लेखेर पुस्तक मैले दिएँ। तर चार वर्ष बित्ता पनि नछापेपछि मैले पाण्डुलिपि ऊसँग फेरि मागें। अन्ततः थाहा भयो पाण्डुलिपि उनले हराएछन् फेरि मैले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूरा काम गर्नुपऱ्यो। अहिले स्वामिजीले नै म छाँपिदिन्छु भन्नुभयो। पुनः सम्पादन गरेर यो उहाँले मलाई दिनुभएको कृति उहाँकै हातमा सुम्पँदैछु। साथै यो ग्रन्थ पनि उहाँलाई नै समर्पित गरेको छु। भगवान् पशुपतिसँग उहाँको दीर्घायुष्य र नैरुज्यको कामना गर्दै यस्ता पुण्यमयकार्य गर्न 'शरदां शतम्' पूरा गर्न प्रार्थना समेत गर्छु।

साथै यसको सम्पादन क्रममा मेरा प्रियमित्रद्वय प्राध्यापक श्री स्थानेश्वर तिमल्सिना र प्राध्यापक श्री दिवाकर आचार्यज्यूलाई हार्दिक धन्यवाद नदिइरहन सक्दिनँ। उहाँहरू दुवैको हार्दिक सहयोगले नै यो ग्रन्थ यस रूपमा उपस्थापित गर्न सकेको हुँ।

ग्रन्थसम्पादनमा भएका त्रुटिहरू देखाइदिनुहुन दोषज्ञ विद्वान्हरूलाई हार्दिक निवेदन पनि गर्दछु।

विद्वद्वशंवद
काशीनाथ न्यौपाने

२०५३/९/१०
वाल्मीकि विद्यापीठ
काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

महाविद्याको परम्परा र तारा :

शक्तिसंगमतन्त्र, मुण्डमालातन्त्र आदि ग्रन्थहरूमा दशमहाविद्याको उल्लेख तथा वर्णन पाइन्छ। महाकालसंहितामा देवताहरू युग अनुसार फल दिने र नदिने हुन्छन्। तर दशमहाविद्याहरू भने चारै युगमा फल दिन्छन् भनिएको छ। दशमहाविद्यामध्ये नै पनि काली, तारा र षोडशी प्रमुख मानिन्छन् र यी तीनभित्रै अरूको अन्तर्भाव हुन्छ।

कालीविद्या :

महाविद्याहरूको परिगणनका क्रममा पहिलो नाम कालीको आउँछ। कालीतत्त्वका विषयमा महाकालसंहिता, कालीकुलकुलचूडामणि कौलार्णव जस्ता ग्रन्थमा विशेष विवेचना भेटिन्छ। शक्तिसंगमतन्त्रको कालीखण्ड पनि यस सन्दर्भमा उपादेय देखिन्छ। काली परम्परामा नेपालका नवमीसिंहले कुलमुक्तिकल्लोलिनी ग्रन्थ लेखेको पाइन्छ। कालीविद्याका सम्बन्धमा शारदातिलकका लेखक राघवभट्टको 'कालीतत्त्व' नामक निकै उत्कृष्ट पुस्तक प्रचलित छ। कालीविद्या सम्बन्धमा 'कालिकोपनिषत्' उपनिषद् पनि भेटिन्छ। यी सबै ग्रन्थहरूमा काली विविध भेदस्वरूप भेट्न सकिन्छ। जसमध्ये दक्षिणकाली, गुह्यकाली, कामकला काली, भद्रकाली, श्वेतकाली, रक्तकाली आदि प्रमुख मानिन्छन्। सामान्यतया यी देवीहरू श्मशानमा बसेका, मुण्डहरू धारण गरेका र भीषण भयानक रूपमा चित्रित हुन्छन्। कालीको ध्यानमा यिनलाई हातमा छिन्नमस्तक धारण गरेकी देखाइन्छ र यो काटिएको टाउको महामोहको प्रतीक हो भन्ने व्याख्या पाइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताराविद्या :

तत्वदृष्ट्या तारा परावाक् स्वरूपा देखिन्छिन् । यी पूर्णाहन्तामयी ताराको उपासनाले सायुज्य मुक्ति प्राप्त हुन्छ भन्ने कुरा तन्त्रग्रन्थहरूमा उल्लिखित छ । बौद्धमार्गमा पनि विभिन्न नामरूपादिभेदले ताराको उपासना गरिन्छ । भनिन्छ वसिष्ठ मुक्ति किंवा निर्वाण प्राप्त गर्नका लागि बुद्धको शरणमा गएका थिए ! र बुद्धको उपदेशका आधारमा ताराको उपासना गरेका थिए ? नेपालका केही पन्त परिवारमा धेरै अघि देखि तारा इष्टदेवीका रूपमा पुजिन्थिन् । नेपाली विद्वान् प्रेमनिधि पन्तले 'ताराभक्तिसुधार्णव' माथि एक गहन टीका लेखेका छन् । नेपालका प्रौढ संस्कृत महाकवि 'सुकृतिदत्त' ले पनि ताराको भक्तिपूर्ण स्तुति लेखेका छन् ।

षोडशीविद्या :

दश महाविद्याहरूमध्ये बहुप्रचलित विद्या षोडशी विद्या नै हो । षोडशीलाई नै श्री, ललिता, त्रिपुरा, त्रिपुरसुन्दरी आदि नामले पनि पुकारिन्छ । महाशक्तिका अनन्त नाम र रूप छन्, तर यिनको परम रूप भने एक र अभिन्न छ । काम, मनु, कुवेर, चन्द्र, लोपामुद्रा, अगस्त्य, अग्नि, सूर्य, इन्दु, स्कन्द, शिव, दुर्वासा षोडशीका प्रमुख उपासक हुन् । श्रीविद्याका सम्बन्धमा यसको उपासनाले भोग र मोक्ष दुवै प्राप्त हुन्छ भन्ने उल्लेख पाइन्छ जस्तै -

यत्रास्ति भोगो न च चत्र मोक्षो
यत्रास्ति मोक्षो न च तत्र भोगः ।
श्रीसुन्दरीसेवन तत्पराणां
भोगश्च मोक्षश्च करस्थ एव ॥

श्रीविद्याको कादि, हादि, सादि र कहादि गरी चार मन्त्रभेद पाइन्छ । त्रिपुरोपनिषद्, त्रिपुरतापिन्यूपनिषद्, भावनोपनिषद् जस्ता शाक्त उपनिषद्हरूमा श्रीविद्याको विवेचन पाइन्छ । श्रीविद्याका उल्लेख्य उपादेय ग्रन्थहरूमध्ये योगिनीहृदय, वामकेश्वरमत तन्त्रराज आदि पर्दछन् । तन्त्रराजतन्त्रमा नेपाली विद्वान् प्रेमनिधि पन्तकी पत्नी प्राणमञ्जरीले लेखेको टीका भेटिन्छ । श्रीविद्योपासनाका अन्य ग्रन्थहरूमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानार्णव, ललितार्चनचन्द्रिका, त्रिपुरारहस्य, शक्तिसंगम तन्त्र आदि पर्दछन् ।

भुवनेश्वरी विद्या :

भुवनेश्वरी पूर्वाम्नायकी प्रधानदेवी हुन् र भुवनेश्वरी सौम्यप्रकृतिप्रधान छिन् । भुवनेश्वरीको उपासना सम्बन्धमा भुवनेश्वरीरहस्य, भुवनेश्वरीतन्त्र, भुवनेश्वरी पारिजात आदि ग्रन्थ उपलब्ध छन् ।

भैरवी विद्या :

दशमहाविद्याहरूमा पाँचौं महाविद्या भैरवी हुन् यिनलाई त्रिपुरभैरवी पनि भनिन्छ । भैरवीका विभिन्न भेदको उल्लेख शास्त्रमा पाइन्छ । जसमध्ये सिद्धिभैरवी, त्रिपुरभैरवी, चैतन्यभैरवी, भुवनेश्वरी भैरवी, सम्पत्युदाभैरवी, कौलेशीभैरवी, कामेश्वरी भैरवी, षट्कुरा भैरवी, नित्या भैरवी आदि प्रमुख छन् । सिद्धि भैरवी, उत्तराम्नायकी देवी हुन् भने त्रिपुरा भैरवी ऊर्ध्वाम्नायकी । यसैगरी नित्याभैरवीको सम्बन्ध पश्चिमाम्नाय-सँग छ भने भद्रभैरवीको सम्बन्ध दक्षिणाम्नायसँग छ । कतैकतै नृसिंहलाई भैरव मानेको पनि भेटिन्छ ।

छिन्नमस्ता विद्या :

आफ्नै शिरच्छेदन गरी आफ्नो रगतले आफ्ना दुई अनुचरी र आफ्नै समेत तृषा शान्त गरिरहेकी अवस्थामा छिन्नमस्ताको चित्रण गरिन्छ । छिन्नमस्ताका सम्बन्धमा शक्तिसंगमतन्त्रको छिन्ना खण्डमा विस्तृत विवेचन भेटिन्छ ।

धूमावतीविद्या :

धूमावतीको सम्बन्ध उत्तराम्नायसँग छ । यिनको रथको टुप्पामा काग बसेको हुन्छ र यिनलाई विधवाको रूपमा चित्रण गरिन्छ । यिनको हातमा नाङ्लो हुन्छ र यिनी क्षुधातुर देखिन्छिन् । शत्रुको मारण, मोहन र उच्चाटनादिमा धूमावतीको उपयोग गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वगलामुखी विद्या :

सत्य युगमा जब चराचरको विनाशका लागि वातक्षोभ भएको थियो। त्यसवेला विष्णुले तपस्याका बलले बगलालाई प्रसन्न पारेका थिए रे ! र देवी प्रसन्न भएर सौराष्ट्रमा प्रादुर्भूत भएकी थिइन् रे। वगलाका वारेमा साङ्ख्यायनतन्त्र, संमोहनतन्त्र आदिमा विशेष वृत्तान्त पाइन्छ।

मातङ्गी विद्या :

मातंगीको नामान्तर सुमुखी वा उच्छिष्टपिशाचिनी हो। मातंगीका धेरै भेद छन् जस्तै उच्छिष्टमातंगी, राजमातंगी, वश्यमातंगी, कर्णमातंगी र सुमुखी। ब्रह्मयामल अनुसार मतंग ऋषिले लामो समयसम्म तपस्या गरी प्रसन्न पारेपछि भगवती तिनकै छोरीको रूपमा जन्मेकी हुन् र उनलाई मातंगी भनिएको हो।

कमला विद्या :

दशमहाविद्याहरूमध्ये अन्तिम महाविद्या कमला हुन्। तन्त्रसार, शारदातिलक, शाक्तप्रमोद, श्रीविदार्णव आदिमा कमलाको उपासना विधि भेटिन्छ। सौवर्ण देहकान्तिले युक्त भएकी यी देवी रक्तवर्णको कौशेय धारण गर्छिन् र सुवर्ण कलशले अभिषेक गरिरहेका चार हात्तीहरूले घेरिएकी रूपमा यिनको चित्रण गरिन्छ।

तारा विद्या :

तारा विद्याको तान्त्रिक दृष्टिले अत्यन्त विशद महिमा छ। शाक्त तान्त्रिक साधनामा भएको ताराविद्याको महत्ताले गर्दा नै हिन्दू र बौद्ध दुवै परम्परावादीहरूले यसलाई अँगालेका छन्।

वैदिक साहित्यमा 'सरस्वती' को वैयक्तिक रूपान्तरण भएपछि उपनिषद् तथा पौराणिक युगमा साधनाको धारा प्रस्तुत भएको पाइन्छ। तारा विद्याको साधना विशेषतः वज्रयानको प्रसारसँग फैलिएको देखिन्छ। शाक्त तन्त्रहरूमा दशमहाविद्याभित्र तारा विद्यालाई दोस्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थान दिइएको छ। विशेषतः ताराका एकजटा, उग्रतारा तथा नीलसरस्वतीको अत्यन्त महत्व तथा प्रभाव रहेको पाइन्छ वज्रयानी तान्त्रिक साहित्यमा तारा विद्या सम्बन्धी अत्यन्त विस्तार रहेको देखिन्छ। 'सरस्वती' को सौम्य रूपमा रहेका विभिन्न साधनामा सरस्वती, महासरस्वती, वज्रवीणा सरस्वती, वज्रशारदा, आर्यसरस्वती, वज्रसरस्वती, प्रमुख विद्याका रूपमा देखिन्छन्। त्यस्तै किञ्चित् उग्र तथा अत्युग्र रूपमा विद्याहरूको रूपमा तारा विद्याको पूर्ण विस्तार भएको पाइन्छ।

नीलताराक्रमका तारा, खदिरवनी, तथा वश्यतारा अमोघसिद्धि कुलका तारा विद्याका रूपमा लिइन्छन्। श्वेत रातका मुख्य दुई भेद छन् - अष्टमहाभयता तथा मृत्युवञ्चन तारा। ताराका सात प्रमुख भेदहरू भेटिन्छन् र यी सबैले बायाँ हातमा कमल तथा दायाँ हातमा वरदमुद्रा लिएका छन्। नीलताराका दुर्गतितारिणी तारा, धनदातारा, जाङ्गुली तारा, वर्णशवरी तारा गरी चार भेद प्रख्यात छन्।

श्वेततारका अन्य विस्तारमा चतुर्भुज सिततारा, षड्भुज सिततारा, विश्वमाता, कुरुकुल्ला तथा जाङ्गली पर्दछन्। त्यस्तै तारा विद्याको पीतवर्णको भेदमा यिनले चार या पाँच बुद्धको मुकुट लगाएको पाइन्छ। यसमा वज्रतारा, जाङ्गुली, पर्णहावरी, भृकुटी, तथा प्रसन्न तारा पर्दछन्।

नीलवर्ण ताराका भेदमा एकजटा र महाचीन तारा प्रमुख छन्। अमिताभ कुलको विधाको रूपमा रक्तवर्णा ताराको कुरुकुल्ला स्वरूप तन्त्रशास्त्रहरूमा पाइन्छ। तारा विद्याका यी भेदहरू अत्यन्त प्रमुख तथा तारा क्रमका साधकहरूको लागि नजानी नहुने हुन्। यस अतिरिक्त जसले तारा विद्यामा नै विशेष साधना गर्दछ उसले तारा विद्याको सहस्र भेदसम्म अवलोकन तथा अनुसन्धान गर्न सक्दछ।

विशेषतः तारण गर्ने या संसाररूप भ्रमबाट, मायास्वप्नबाट व्यूँताई वास्तविक निर्वाणमा लैजाने हुनाले नै तारा विद्याको महत्व त्यत्रो ठूलो रहेको हो। मुक्तिको साथै विभिन्न कामनाले पनि तारा विद्याको साधना गरिने भएकाले नै तारा विद्याका अनन्त भेद भएका हुन्। तार अर्थात् प्रणव या ॐ कारको शक्तिको रूपमा तारा विद्यालाई लिइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्वाणको अन्त्यवस्थासम्म साधकको चित्त उद्‌बोधनको निमित्त तारा विद्याको साधना अपरिहार्य छ ।

सौम्य र उग्र दुवै मूर्तिको स्वभाव छर्लङ्गिने ध्यान निम्नानुसार छ -

श्वेताम्बरां शारदचन्द्रकान्तिं सद्‌भूषणां चन्द्रकलावतंसाम् ।
कर्त्रीकपालान्वितपाणिपद्मां तारां त्रिनेत्रां प्रभजेऽखिलर्घ्यै ॥

अर्थात्, सेतो कपडा लगाएकी शरच्चन्द्रको समान आभा भएकी, चन्द्रकलाले सुशोभित मस्तक भएकी, दुई हातमा कैंची र कपाल धारण गरेकी तीन नेत्र भएकी तारादेवीको अभीष्ट सिद्धिको निमित्त ध्यान गर्दछु ।

ताराको एकजटा स्वरूपको ध्यान यस प्रकार छ -

विश्वव्यापकवारिमध्यविलसच्छ्वेताम्बुजन्मस्थिताम् ।
कर्त्रीखड्गकपालनीलनलिनै राजत्करां नीलभाम् ॥
काञ्चीकुण्डलहारकंकणलसत्केयूरमञ्जीरताम् ।
आप्तैर्नागदलैर्विभूषिततनूमारक्तनेत्रत्रयाम् ॥
पिङ्गोग्रैकजटां लसत्सुरसनां दंष्ट्राकरालाननाम् ।
चर्मद्वीपिवरं कटौ विदधतौ श्वेतास्थिपट्टालिकाम् ॥
अक्षोभ्येणविराजमानशिरसं स्मेराननां भीरूहाम् ।
तारां शावहृदासनां दृढकुचामम्बां त्रिलोक्याः स्मरेत् ॥

अर्थात्, पिङ्गल वर्णकी, उग्रस्वरूप भएकी, एकजटा धारण गर्ने, समग्र, विश्वलाई व्याप्त गर्ने जलधिको मध्यमा रहेको श्वेत कमलमा रहेकी कर्त्री, कपाल तथा दुई हातमा नीलो कमल लिएकी, नील वर्ण भएकी काञ्ची, कुण्डल, हार, कंकण, केयूर आदिले सुशोभित भएकी सर्पको गहना लगाएकी, तीन नेत्र भएकी, डरलाग्दो मुख भएकी, दाह्रा निस्किएको तथा लामो जिब्रो बाहिर निस्किएर चम्किरहेको, हात्तीको छाला लगाएकी, सेतो हाडका गहना बनाएकी, शिरमा अक्षोभ्यलाई धारण गरेकी, प्रसन्न मुख भएकी, डर नाश गर्ने, शवहृदयारुढ भएकी, दृढ कुचयुग्म भएकी, तीनै लोकको मातास्वरूपको ध्यान गरोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवी स्तुतिहरू र तारिणीवरिवस्या :

देवी स्तुतिहरूमध्ये कालीको 'कर्पूरस्तव' ताराको ताराकर्पूरस्तव श्रीविद्याको सौन्दर्यलहरी, सुभगोदयस्तुति, त्रिपुरमहिम्नस्तोत्र, भुवनेश्वरीको पृथ्वीधारचित भुवनेश्वरी स्तोत्र, भैरवीको भैरवी कवच, छिन्नमस्ताको छिन्नमस्तापञ्चाङ्ग, धूमावतीको धूमावतीपञ्चाङ्ग, मातङ्गको मातङ्गीपञ्चाङ्ग, वगलाको वगलामुखीकवच तथा पञ्चाङ्ग र कमलाको कमलापञ्चाङ्ग विशिष्ट छन् । ताराको स्तुतिपरक सुकृतिदत्तपन्तको यो तारिणीवरिवस्या आफू आर्त भएको अवस्थामा उनको अन्तस्तलबाट निस्किएको आर्त पुकार हो ।

तारापीठहरू :

काठमाडौं समीप साँखुस्थित वज्रयोगिनी (उग्रतारा), लाजिम्पाटको नीलसरस्वती, स्वयम्भूको अजिमा, मञ्जुश्री शोभाभगवतीको मन्दिर नजीकै वीजेश्वरी आदि सबै नै ताराका पीठहरू हुन् । महायानपरम्परामा अवलोकितेश्वरको शक्तिको रूपमा तारालाई मानिन्छ । महायानमा वज्रयोगिनी, खड्गयोगिनी आदि चार स्वरूप ताराका मानिएका छन् । महायानिक परम्परामा "तारास्रग्धरास्तोत्र" काठमाडौंका महायानिक उपासकहरूले कण्ठस्थ गरेको पाइन्छ । यसै प्रसंगमा वज्रयोगिनीमा ने मुनिले तयः गरेको आख्यान पनि सुन्न पाइन्छ ।

तारिणीवरिवस्याको विषयवस्तु :

भगवती ताराको स्तुतिपरक काव्यमा महाकवि सुकृतिदत्त पन्तले आफ्नो गदरोग (पित्तद्वारा हुने उदररोग) ले पीडित भएको वेलामा भगवती ताराको मार्मिक स्तुति गरेका छन् । यो स्तुति पनि उनी अति व्यथित भएर केही नलाग्दा सारा औषधिहरूले पनि काम नगरेपछि भगवती इष्टदेवी ताराको वाध्य भएर गरेको वरिवस्या हो । शिखरिणी, शार्दुलविक्रीडितं, तोटक, अनुष्टुप्, इन्द्रवज्र, उपेन्द्रवज्रा उपजाति आदि छन्दहरूमा गरेको स्तुति अति मार्मिक छ । यस मार्मिक स्तोत्रमा यमराजवाट मलाई वचाऊ, यस्तो रोगवाट मैले मर्नु नपरोस् आदि हार्दिक पीडाका स्वरहरू मुखर भएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही उदाहरणहरू निम्नलिखित छन् -

दयार्देणाक्ष्णापि प्रशमय भयं मे शमनजम् (११),

शमयतु भयं मे शमनजम् (१२)

कटाक्षास्तारिण्या मम विदधतां भीतिशमनम् (१८)

ततो मामापद्भ्यः सपदि दयया मोचय शिवे (२२)

शिवे ! मृत्योर्भयं नाशय (२३)

परं दीनं भीतं शमनकथया मामव शिवे (३३)

प्रतिदिवसमाक्रान्दितमिदं... (३५)

अपनयतु दुःखं मम शिवा (३६)

हारोदिभि कमिहयायां च शरणम् (३७)

.....क्षिपसि नहि दृष्टिं हितकरीम् (३९)

.....भवतु मम बाधाप्रशमनम् (४१),

नभूयान्मे मृत्युस्तवचरणपाथोजकृपया (४२),

.....परिणतिरसह्य किमु शिवे (४६)

.....शरदां शतं तव कृपालवाज्जीवनम् (५१),

ददं गुल्गं नृत्यद्हृदयफलके कंपयति मे.....
सजं सर्वां दूरी कुरुहरमयं..... (५४),

येनेदमुत्कटमपारमसह्य दुःखं प्रस्तोऽस्मि हन्त ? (६८),

.....कटुक : कषायो वैद्यार्पित : पततु मे वदने पुनर्न (७७),

....प्रमत्तभिषजां पुरतोऽतिदीनं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मां जीवयेतिवदतो मम मास्तु मातः (७९),

.....जगज्जननि मे गदहृत् त्वमेधि (८२),

.....गदमदप्रध्वंसनायोद्यतम् (८३),

केचित्कषायमपरे विविधान् रसाँश्च
काष्टादिचूर्णमपरे गुलिकां परेऽपि ।
मां भोजयन्ति .....
केयं दशातिविषमा वद विश्वमात : (८७),

अस्मिन् महानिरयभोगसमानरोगे क्षिप्त्वा..... (८८),

अहरहर्वहदुन्नतिमुत्कटामिदमसहच्च मनोव्यथनं मम (९५),

.....वर्द्धते प्रतिदिनं गुल्मव्यथाऽस्यां तनौ .....(९७)

यसरी ताराको स्तुति गर्दै उनले १०० दिन विताएको र सय दिनदेखि "म गुल्मरोगले पीडित छु" भनेर आफ्नै स्तुतिको प्रसङ्गमा भन्छन् -

दिनशतं शरदां शतसन्निभ
मम गतं रुदतो बहु दुःखतः ।
जननि तारिणि दुःखपरंपरा
भवतु मात इयं पुरतो मम (१००),

मोहावेश विधूर्णमानमनसा गुल्मादिरोगव्यथा
क्रान्तेनाकुलचेतसा सुकृतिना सन्निर्भितोऽयं स्तव.....(१०१),

.....दुःखातुरेण कृतिना रचितस्तवेन .....(१०२),

यसरी ताराको स्तुति गरेपछि, अब म आफ्नो दुःखनाशका लागि तिम्रा परिवारजनलाई पनि स्मरण गर्छु भन्दै अन्य देवताहरूको गणेश, सूर्य, शिव, बुद्ध, राम आदि धेरै देवताहरूको स्तुति गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

.....मातस्त्वदीयपरिवारजनं स्मरामि...(१०३),

त्रायस्व संसृतिभयाच्छिव शूलपाणे (१२२)

.....त्वदङ्घ्रिकमले पतितोऽस्मि दीनः (१२३)

श्रीराम पाहि दययेव विभीषणं माम् (१२७),

.....मुकुन्द ! कुन्दस्व दुःखणलघेपतितं द्रुतं माम् (१२९)

तालाङ्कबुद्ध परिपाहि युगान्तमूर्ते (१५९),

श्रीमद्बुद्धतनु.....(१५७),

.....त्यक्त्वा, तिक्तं पिवति वत भो
निम्बपत्राक्ततोयम् (२,१३),

गुल्मासुरेण सुकृतिर्वतनष्ट बुद्धिर्जातोऽधुना.....(२, १६),

पीडितं गुल्मरोगेण ब्रीडितं पापकर्मणा
पातु मां पीडितं वै तत् गिरिजापादपङ्कजम् (२, १७)

यं दह्यतेऽखिल वपुर्मम पित्तगुल्म ...(२,७),

प्राणाः प्रयान्ति यदि यान्तु नभेऽस्तिचिन्ता
गुल्मासुरेण दलिता न पुनः प्रयान्तु (२९),

.....छिन्धि गुल्मगदतीव्रवेदनाम् (२,५),

मर्माणि कृन्तति गदप्रसरो ममाद्य (२.१),

यसरी सुकृतिदत्त पन्तले अत्यन्त कष्टमा परेर भगवती ताराको उपासनापरक स्तोत्र लेखेको कुरो उपर्युक्त उदाहरणले प्रष्ट हुन्छ। अन्तिम समयमा दिनमा एक श्लोक, दुई दिनमा एक श्लोक १५ दिनमा एक श्लोक लेखेको पनि पाइन्छ। त्यसमा उनले "चैत्रकृष्ण एकादश्यां कृतम्, द्वादश्यां कृतम्, वैशाखकृष्णद्वितीयायाम्, वैशाखकृष्णपञ्चम्याम्, नवम्याम्, दशम्याम्, एकादश्याम्" एक एक पद्य लेखेको उल्लेख आफैं गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताराको स्वरूपहरूमध्ये केही स्वरूपको सुकृतिले आफ्नै स्तोत्रमा यसरी उल्लेख गरेका छन् -

मातस्तारिणि कौशिकि त्रिनयने निर्वाणमार्गप्रदे
पिङ्गोग्रैकजटे भुजंगमुकुटे भग्नापरस्तारिके ।
भीमे नीलसरस्वति प्रणतहृत्संतापनिर्वापिणि
चित्तं मा त्यज मे न यातु हृदयं दुर्वासनायां मम ॥९३॥

यस अतिरिक्त धेरै विषयहरू स्तोत्रमा छन् । ती सबै यहाँ उल्लेख गर्नुभन्दा स्तोत्रबाट नै जान्नुहुन अनुरोध छ ।

सुकृतिदत्त पन्त विरचित ग्रन्थहरूको विषयमा जान्नुपर्दा डा. स्वामी प्रपन्नाचार्यज्यूद्वारा सम्पादित कार्तवीर्योदयमहाकाव्यको भूमिका हेर्नुहुन अनुरोध छ ।

– डा. काशीनाथ न्यौपाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वतन्त्रस्वतन्त्रकवितार्किककण्ठीरव
महाकविसुकृतिदत्तविरचिता

तारिणीवरिवस्या

मया मातस्तारे तव चरणपूजा न रचिता
न चापि ध्यातं ते वपुरमरमुख्यैर्हृदि धृतम् ।
न चापि स्तोत्रं ते पठितमथ होमो न रचित -
स्तथाप्यस्मिन् पापे मयि पततु ते दृक्तकरुणा ॥ १ ॥

प्रभाते निद्रान्ते तव चरणपाथोजयुगलं
हृदि ध्यायं ध्यायं विलसदतुलामोदभरतः ।
न पूजां हार्दीन्तेऽ करवमतिमत्तः पशुसम-
स्तथापि स्तादस्मिञ्जननि तव कारुण्यनयनम् ॥ २ ॥

प्रभाते सत्तीर्थे विमलजलसंशुद्धतनुक :
कदाचिन्नाकार्षं दशशतमितं ते मनुजपम् ।
मन : स्थैर्यं कृत्वा विषय-विष-वेगातिविकल-
स्तथाप्यस्मिन् दीने विसृज करुणाकर्वुर-दृशम् ॥ ३ ॥

समाहृत्य स्वच्छं जलमतिसुगन्धिं सुमचयं
यथा वित्तं धूपादिकमणि च सम्पाद्य विधिवत् ।
न बाह्यां पूजान्तेऽकरवमरवश्चातिकृपण-
स्तथाऽप्येनं लुब्धं जननि दयया वीक्ष्य सुखय ॥ ४ ॥

न तेऽर्चा पुष्पाणामवचयविधौ पाटिततलौ
न ते मुद्राकृत्ये किमपि ऋजुवक्राङ्गुलिदलौ ।
करौ मे व्यापारान्तरकरणलग्नौ हि सततं
तथाऽप्यस्मिँस्तब्धे विसृज दययार्द्रां दृशमलम् ॥ ५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मया स्नानं पञ्चामृतभृतघटैस्ते न रचितं
वितीर्णं नैवेद्यं स्नुतमधुघृतं तेऽपि न कदा ।
त्रिमध्वक्तैर्हव्यैर्हवनमपि ते नैव विहितं
तथाऽप्यस्मिन् पापे भवतु तव दृष्टिः सकरुणा ॥ ६ ॥

तव प्रीत्यै विप्राः कतिचन मया नोसदशनात्
प्रणीताः सन्तोषं कनकरजताघं न च वसु
न वा वस्त्रं शस्तं किमपि पदयोस्तेऽस्त्युपहृतं
तथाऽप्यस्मिन् मूढे भवतु तव दृष्टिः सुखकरी ॥ ७ ॥

अये मातः शातक्रतवपदतुल्यं तव पद -
प्रसादांशं कञ्चिद्हृदि समनुभूयापि हतधीः ।
न ते दास्येऽकार्षं मतिमखिलभीतिक्षयकरीं
तथाप्यस्मिन् दुष्टे विसृज करुणापांशममलम् ॥ ८ ॥

भवत्या दत्ताभिः सरसकविताभिर्नृपतयो
मया सूतेनेव प्रतिदिनमहो कीर्तितगुणाः ।
कदाचिन्नास्तोषं जननि तव पादाम्बुजयुगं
कृतघ्नेऽपेस्मिँस्ते पततु नयनं भूरिकरुणम् ॥ ९ ॥

क्व चाहं पापीयान् विषमविषयाक्रान्तहृदयः
क्व चानुध्यानं ते विमलहृदयैर्लभ्यमसकृत् ।
अतस्तेऽनुध्याने प्रतिहतमतौ कुण्ठितगतौ
शिवे भद्रां दृष्टिं वितर मयि शोकाकुलहृदि ॥ १० ॥

न चानुध्यायी ते न च चरणयोः पूजनपरो
न मन्त्राभ्यासी नो विमलपदपद्यैस्तवनकृत् ।
अहं यद्यप्यस्मि स्मितसुभगवक्त्रेण तदपि
दयार्द्रेणाक्ष्णापि प्रशमय भयं मे शमनजम् ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गदाक्रान्तं देहं पलितवलितं मस्तकमलं
मनो मोहाम्भोधौ पतति नयनं भ्राम्यति मुहुः ।
अवस्थायामस्यां शिव शिव शिवे तारिणी तव
प्रसादपीयूषं शमयतु भयं मे शमनजम् ॥ १२ ॥

अपारे दुःखाब्धौ निपततनुः कश्चन जनः
सकृत्स्मृत्वा तारां व्रजति परपारेऽघजलधेः ।
इमं वादं सत्यं कुरु निगमरूढं जननि भो
विपन्नं संजीव्य प्रसरदतुलप्रेमनयनैः ॥ १३ ॥

अनेके गीर्वाणा जननि निजभक्तान् ददतु ते
जयं वित्तं स्वर्गादिकमपि च कालेन बहुना ।
प्रसङ्गात् स्मर्तृणां भजनसमकालं भवभय-
च्छिदान्तन्वानेभ्यस्तव पदरजोभ्यो नम इति ॥ १४ ॥

मया ज्ञातं मातस्तव चरणकारुण्यमतुलं
यतोऽहं पापीयानतिकलु*षचित्तो विकलधीः ।
निमग्नो मोहाब्धौ कथमपि भवत्याः स्मृतिबला -
दिमामापच्छ्रेणीमकरवमनायासमृदिताम् ॥ १५ ॥

अहं दासो मित्रं स्वमपि तव यश्चास्मि हतधी -
र्न शक्तो निश्चेतुं जननि दयया स्वत्वविषये
गता शंङ्कातङ्कं कुरु भवतु मे चित्तमिदकं
समुत्सृष्टाभासं शमनशवराधीशशरतः ॥ १६ ॥

पतेयुस्ते हृद्या जननि मयि कारुण्यविलसत् -
कटाक्षव्याक्षेपाः क्षपितसकलत्रासविसराः
न मन्ये वार्ध्क्यं न च गदचयानामपि मदं
वराकः कः शत्रुर्मम शमित एवास्ति शमनः ॥ १७ ॥

---

* 'कलुख' इति मातृकापाठः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुक्रोशावेशप्रसरदुरुवेगातितरलाः
सुधासिन्धूल्लोलल्लहरिरुचिवैदग्ध्यचतुराः ।
*हरि ब्रह्मेशानां प्रतिदिनमलं कांक्षिततराः
*कटाक्षास्तारिण्या मम विदधतां भीतिशमनम् ॥ १८ ॥

*सुधापारावारोल्लसदमलकल्लोलसुभगा -
*श्चतुर्वर्गस्तोमार्पणपणकृताङ्गीकृतिकलाः ।
महामोहध्वान्तप्रशमनविधौ सौररुचयो
भवेयुस्तारिण्या करुणरसपूर्णा मयि दृशः ॥ १९ ॥

हरिर्धत्ते स्वैरं बहुविधतनूर्यत्करुणया
विधत्ते ब्रह्माण्डं विधिरपि च जीवौघसुभृतम् ।
हरः कैलासाद्रौ विहरति सुखं शैलसुतया
भवेयुर्भव्यास्ते जननि मयि तेऽपाङ्गविसराः ॥ २० ॥

अये मातस्तारे विविधभवदुःखाम्बुधिगतो
विमुह्यान्नाक्रुश्यन्निजरचितपङ्कावलिमलम् ।
न चान्यत् पश्यामि क्वचिदपि शरण्यं त्रिजगति
तव प्रेमापाङ्गाद्धरिहरविरंच्याद्यभिमतात् ॥ २१ ॥

कृतघ्नोऽहं पापी यदपि निखिलस्ते परिजनं
जनो मां जानाति क्वचिदपि विपन्ने मयि तव ।
परीवादो नूत्नो जननि भविता लोकमुखत -
स्ततो मामापद्भ्यः सपदि दयया मोचय शिवे ॥ २२ ॥

गुल्मं वल्गति वातरुक् प्रवहते पित्तं दहत्यन्तरं
चक्षुर्भ्राम्यति कम्पते च हृदयं कृत्या◆ तथाऽऽक्राम्यति ।

---

* एतत्चिह्नाङ्कितपङ्क्तयः कार्तवीर्योदयमहाकाव्यमंगलाचरणेऽपि किञ्चित्परिवर्तितरीत्या विलोक्यते ।

◆ कृत्वा इति मातृकापाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतादृश्यति(?)दुष्टकष्टनिवहे नान्यच्छरण्यं मम
मातस्तारिणि दुःखदारिणि शिवे मृत्योर्भयं नाशय ॥२३॥

पदाम्भोजे सिञ्जन्मणिमधुरमञ्जीररुचिरा
कराम्भोजे लोलद्दलकमलसौभाग्यविमला ।
मुखाम्भोजे भ्राजत्स्मितविशदसौहार्दसुभगा
हृदम्भोजे तारा-तरुणकरुणा मेऽस्तु सततम् ॥ २४ ॥

पुरो मातस्तारे व्रजसि परिवारेण सहिता
दृशा द्राघीयस्या प्रचुरकरुणं पश्यसि पुनः ।
मुखेन्दुज्योत्स्नाभिर्हरसि गदसन्तापमपि मे
कथं न स्यान्नष्टं त्रिविधमपि दुःखं मम पुनः ॥ २५ ॥

अनेके गीर्वाणाः प्रचुरविषयासक्तमनसा
मया मातस्तारे प्रतिदिनमसेव्यन्त हि मुधा ।
इदानीमापन्नस्तव चरणपद्मेऽस्मि पतितः
क्षमस्वेमं मन्तुं सहजसरले पाहि दयया ॥ २६ ॥

अये जिह्वे तारामनु(?)ममृतमास्वाद्य सुखिता
मनस्तारापादाम्बुजरससुतृप्तं भव मम ।
करौ तरापूजाविधिषु भवतं तत्परतरौ
मदीयं तारासाद् भवतु किमपि स्वं च युगलम् ॥ २७ ॥

क्वणत्काञ्चीसिञ्जन्मणिरुचिरमञ्जीरचरणा
परिक्षामामध्ये करिकलभकुम्भाकृतिकुचा ।
मुखेन्दुज्योत्स्नाभिर्दलितविसरन्मोहनिवहा
पुरस्तादास्तान्नो जगदभयदानोद्यतकला ॥ २८ ॥

अये चेतोव्यर्थं भ्रमसि भयमाप्नोषि च मुधा
किमर्थं वा ताम्यस्यनवरतमाक्रुश्यसि च किम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जगन्माता तारा जयति जगतां भीतिशमनी
न चैनां स्मृत्वापि क्वचिदपि विपत्तिर्जनिभृताम् ॥ २९ ॥

त्वदीये पादाब्जे जननि पतितस्यापि मम भो
न रोगाणां शान्तिः शमनभयशान्तिश्च नहि चेत् ।
स्वकीयैस्तेजोभिः प्रतपति महीं भास्वतीजनान्
तमः शीतं पीडां कथमिव न कुर्याद् वद शिवे ॥ ३० ॥

अपारे रोगाब्धौ पतितमतिभीतं शमनतो
लुठन्तं भूपृष्ठेऽप्युदितकरुणं रोदनपरम् ।
मुहुर्ध्यायन्तं मां जननि जगदुद्धाररसिके
सदा रक्ष त्रासं शमय कृपया जीवय शिवे ॥ ३१ ॥

अये तारेऽपारे गदजलधिमध्ये निपतितं
महामोहव्याग्रान्तरमशरणं श्रस्तकरणम् ।
सदैव ध्यायन्तं निजचरणयुग्मं हृदि शिवे
कृपापाङ्गश्रेण्या* रचय दलिताशेष वृजिनम् ॥ ३२ ॥

अहं पापी चेत् स्यां व्रजति मम चित्तं त्वयि कथम्
कदाचिद्धर्मात्मा कथमिदमसह्यं हि कलुषम् ।
इदं युग्मं चित्ते घटत इति किं वच्मि जननि
परं दीनं भीतं शमनकथया मामव शिवे ॥ ३३ ॥

त्वदावासे चित्ते विसरति महामोहनिकरो
मतिर्भ्राम्यत्येषा पवनहतदीपार्चिरिव मे ।
रुजा मुक्तो नैको प्यपगत** इमां कष्टपदवी
कथं मातस्तारे तव चरणभक्तोऽस्मि पतितः ॥ ३४ ॥

---

* अक्षरद्वयं त्रुटितमिति 'श्रेण्या' इति पूरितपाठः ।

** अक्षरचतुष्टयं त्रुटितमिति 'गतइमां' इति पूरितपाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अये मातस्तारे प्रतिदिवसमाक्रन्दितमिदं
मदीयं श्रुत्वैवं भवसि दययार्द्रा न हि कथम् ।
न रिक्तं कारुण्यं करुणरसकल्लोलिनि तव
हृदम्भोजस्थित्या न विदितमथो किंचन न ते ॥ ३५ ॥

पुरः पश्चात्पार्श्वे स्मितललितवस्त्रेण सुभगा
क्वणन्तीमञ्जीरं विशदवसना चारुदशना ।
भ्रमन्ती नृत्यन्ती प्रचुरकरुणं वीक्षणपरा
स्पृशन्ती हस्ताब्जै*रपनयतु दुःखं मम शिवे ॥ ३६ ॥

जगत्सर्वं मातः सृजसि परिपासीति हरसि
विनायासाद् ब्रह्माच्युतहरसमाख्या विलसिता ।
वराकस्यास्यैतद् गददलनकार्ये भवति ते
कियान् भारो हा रोदिमि कमिह यायां च शरणम् ॥३७॥

शिशुत्वाद्• वर्णानामपि परिचयादातव मनु-
र्मयाभ्यस्तो रूपं बहुविधमनुध्यातमपि ते ।
प्रमादाद्यत्किञ्चित् स्खलितमथ चेत्तारिणि शिवे
क्षमस्वेमं मन्तुं भवतु न हि मे दुर्मतिततिः ॥ ३८ ॥

धनं विद्यां पुत्रानभिलषितमायुः सुविपुलं
प्रसंङ्गात्स्मर्तृभ्यो जननि दयया त्वं वितरसि. ।
परीपाकः(?) कोऽयं मम कलुषसंघस्य यदिदं♦
त्वदेकाग्रेऽप्यस्मिन् क्षिपसि नहि दृष्टिं हितकरीम् ॥३९॥

---

* 'हस्ताज्वै' इति मातृकापाठः ।

• 'शिभुत्वाद्' इति मातृकापाठः ।

♦ 'य' इति पूरितपाठः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अये मातस्तारे मनसि वचसि प्रेक्षणपथे
त्वमेका दृष्टासि प्रकटयसि वाचं च विशदाम् ।
अमुस्मात्* सत्यान्मे शमनभयबाधाविकसितं
महामोहध्वान्तं हृदयकुहरं सन्त्यजतु च ॥ ४० ॥

